ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्ग (५ जिल्लास्तर) को इजाजतपत्र प्राप्त वित्तीय संस्था)

**च.नं :** जिआरडिविएल/केका/०८२/०८३/२७२

मिति : २०८२/०९/०९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
यु.एन.आई शान्तीमार्ग,काठमाण्डौं ।

**विषय : तेह्रौं वार्षिक साधारण सभा तथा शेयरधनी किताव बन्द (Book Close) हुने सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ग्रीन डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०८२/०९/०८ गते अपरान्ह, ४ बजे बसेको सञ्चालक समितिको २४० औं बैठकको निर्णय बमोजिम बैंकको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले वार्षिक साधारणसभा तथा प्रस्तावित बोनश शेयर तथा नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) प्रयोजनार्थ मिति २०८२/०९/१७ गते बिहीबार शेयरधनी दर्ता किताव बन्द (Book Close) रहने व्यहोरा जानकारीका लागी अनुरोध गर्दछौं ।

साथै, तेह्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना मिति २०८२/०९/०९ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

**सभा बस्ने मिति, समय र स्थान**
मिति : २०८२ साल पौष ३० गते, बुधबार (तदनुसार १४ जनवरी, २०२६)
समय : बिहान ०९:०० बजे ।
स्थान : सिटि स्क्वायर व्याङ्क्वेट, न्युरोड, पोखरा-०८ ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१) आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८१/८२ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी रु. ५६,९६,९८,५००।०० (अक्षरेपी छपन्न करोड छयानब्बे लाख अन्ठानब्बे हजार पाँच सय रुपैयाँ मात्र) को ०.४२३१४ प्रतिशतले हुन आउने रकम रु.२४,१०,६०५।०० (अक्षरेपी चौबिस लाख दश हजार छ सय पाँच रुपैयाँ मात्र) लाभांशमा लाग्ने कर प्रयोजनार्थ नगद लाभांश वितरण गर्ने प्रस्ताव उपर छलफल गरी स्वीकृत गर्ने ।

४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५) संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको मनोनयन/नियुक्ती अनुमोदन गर्ने ।

Green Development Bank Limited • Central Office

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्ग (५ जिल्लास्तर) को इजाजतपत्र प्राप्त वित्तीय संस्था)

**ख. विशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु. ५६,९६,९८,५००।०० (अक्षरेपी छपन्न करोड छयानब्बे लाख अन्ठानब्बे हजार पाँच सय रुपैयाँ मात्र) को ८.०३९६ प्रतिशतले हुन आउने रकम रु.४,५८,०१,५००।०० (अक्षरेपी चार करोड अन्ठाउन्न लाख एक हजार पाँच सय रुपैयाँ मात्र) बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोहि बमोजिम अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी सम्बन्धित दफा संशोधन गर्ने ।

२) यस ग्रीन डेभलपमेन्ट बैंक लि. र अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) गाभ्ने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमति-पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने तथा गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनसँग सम्बन्धित कार्यहरु स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग. विविध ।**

भवदीय,

..........................

हरि बहादुर बुढाथोकी
कम्पनी सचिव

Green Development Bank Limited
Central Office

बोधार्थ:

१. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग काठमाण्डौं ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाण्डौं ।
३. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
४. श्री सिडिएस एण्ड क्लियरिङ लि. पुतलीसडक, काठमाण्डौं ।
५. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
६. श्री मुक्तिनाथ क्यापिटल लि., नारायणचौर नक्साल, काठमाण्डौं ।

**Central Office:**
Pokhara-8, Newroad, Kaski
Telephone: 061-583590, 583634
E-mail: info@greenbank.com.np
Website: www.greenbank.com.np